**बागमती प्रदेश सभा**

दोस्रो कार्यकाल

छैटौं अधिवेशन

बैठक संख्या: ५

सूचना पत्र- २

(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ जेष्ठ ८ गते, बिहिवार

---

बागमती प्रदेश सभाको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा दिनको १:०६ बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शून्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गराउँनुभयो । तत्पश्चात आर्थिक वर्ष २०८२/०८३ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)" को छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरुले भाग लिनु भयो:-

| | |
|---|---|
| १.माननीय रमेश कुमार महत | ८.माननीय विन्दु श्रेष्ठ |
| २.माननीय डम्बर तामाङ | ९.माननीय आशा लामा |
| ३.माननीय राम प्रसाद ढुङ्गाना | १०.माननीय शकुन्तला श्रेष्ठ |
| ४.माननीय प्रेम बहादुर पुलामी | ११.माननीय धनेश्वरी प्रजापति |
| ५.माननीय दिपेन्द्र श्रेष्ठ | १२.माननीय उद्धव थापा |
| ६.माननीय समिता खड्गी | १३.माननीय युवराज चौलागाई |
| ७.माननीय कुमारी तामाङ | १४.माननीय रत्न प्रसाद ढकाल |

त्यसपछि माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले आर्थिक वर्ष २०८२/०८३ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)" छलफलमा उठेका प्रश्नहरुको जबाफ दिनु भयो।

तत्पश्चात माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री सुरज चन्द्र लामिछानेले "प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माननीय प्रदेश प्रमुखबाट मिति २०८० जेठ ०७ गते पुनर्विचार हुन आवश्यक रहेको सन्देश सहित प्रदेश सभामा फिर्ता पठाउँनु भएकोले सो उपर पुनर्विचार गरियोस" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि उक्त प्रस्ताव माथिको छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भनाई राख्दै, उठाउनु भएको प्रश्नको माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री सुरज चन्द्र लामिछानेले जवाफ दिनुभयो।

१.माननीय रत्न प्रसाद ढकाल

२.माननीय भरत बहादुर के.सी.

३.माननीय रमेश कुमार महत

तत्पश्चात माननीय सभामुखले "प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि पूनर्विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुदाँ सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर सभाको अर्को बैठक मिति २०८२ जेठ १४ गते बुधबार दिनको १:०० वजे बस्ने गरी यो बैठक दिनको २:४६ बजे स्थगित भयो ।

(रामकुमार पौडेल)

सचिव